नाम्खा गाउँपालिका

ༀ། ནམ་མཁའ་གྲོང་སྡེ་སྐྱིད་ཚལ་ཁང་།

Namkha Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office Of The Rural Municipal Executive

## शिक्षा, युवा तथा खेलकुद शाखा

याल्वाङ, हुम्ला

कर्णाली प्रदेश, नेपाल।

नाम्खा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय याल्वाङ, हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

पत्र संख्याः २०८२।०८३

चलानी नं. ८६

---

मितिः २०८२।०५।०३

श्री सम्पूर्ण विद्यालयहरु,

नाम्खा गाउँपालिका, हुम्ला ।

विषयः <u>करार सम्झौता सम्वन्धमा ।</u>

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सरकारी/धार्मिक विद्यालयमा कार्यरत वालविकास शिक्षक, विद्यालय कर्मचारी, राहत तथा अनुदान शिक्षक र विभिन्न संस्थावाट कार्यरत करारका शिक्षक/कर्मचारीहरुको प्रत्येक ६/६ महिनामा करार सम्झौता गरी हरेक आर्थिक वर्षको पुष मसान्त र असार मसान्तमा शिक्षक/कर्मचारीको म्याद थप सम्वन्धी निर्णय गरिसक्नुपर्ने व्यवस्था भए अनुसार नगरिएको देखिएकोले आ.व २०८२/८३ को लागि मिति २०८२/०४/०१ देखि लागु हुने गरी यसै पत्र साथ संलग्न नमुना बमोजिम सम्झौता गरी १५ दिन भित्र सोको जानकारी गराउनुहुन अनुरोध छ।

२०८२।०५।०३

डम्बर वहादुर खराल

वरिष्ठ शिक्षा अधिकृत

वरिष्ठ शिक्षा अधिकृत

अधिकृत स्तर सातौं

वोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाई, सिमकोट, हुम्ला ।

श्री आधार नेपाल, हुम्ला।

श्री हिमाली बाल समाज, याल्वाङ,नेपाल।

श्री आत्मिय नेपाल, हुम्ला।

CamScanner

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...
२०७३

## करार सम्झौताः

श्री.........................आधारभूत/माध्यमिक विद्यालय, नाम्खा गाउँपालिका वडा नं...........(पहिलो पक्ष भनिएको) र ..............गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं......... वस्ने श्री...............................(दोस्रो पक्ष भनिएको) का बीच नाम्खा गाउँपालिकामा अवस्थित ................विद्यालयमा प्राथमिक/नि.मा.वि/मा.वि/साविक उ.मा.वि/वालविकास सहजकर्ता/ नि.मा.वि/मा.वि अनुदान (तह/श्रेणी)को शिक्षक/कर्मचारी पदमा कामकाज गर्न मिति........................ को निर्णयानुसार देहायका कार्य शर्तको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर रहेकाले यो करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं/दियौं।

१. कामकाज सम्बन्धमा :

- दोस्रो पक्षले आफूलाई तोकिएको समग्र कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नुपर्नेछ।
- दोस्रो पक्षले शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुन वमोजिम इमान्दारीपूर्वक आफ्नो कार्य गर्नुपर्नेछ।
- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति प्रति उत्तरदायी रही उच्च मनोवलका साथ प्रतिफल देखिने गरी आफ्नो कार्य सम्पादन गर्नुपर्नेछ।
- तोकिए अनुसार कक्षा शिक्षण गर्नु पर्ने र विद्यालयको शैक्षिक गतिविधिमा सक्रियपूर्वक संलग्न हुनु पर्नेछ।
- अध्यापन गर्ने कक्षाहरुमा पूर्व तयारी भई विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी अध्यापन गर्नु पर्नेछ र अध्यापन गर्ने कक्षाहरुमा विद्यार्थीहरुबाट गुनासो नआउने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।
- विद्यालयमा शिक्षकले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत पालना गर्नुपर्नेछ।
- प्रधानाध्यापकले तोके बमोजिम आवश्यकता अनुसार थप कार्य गर्नुपर्नेछ।

२. काम गर्नु पर्ने स्थानः

नाम्खा गाउँपालिका वडा नं...............मा रहेको...............आधारभूत/माध्यमिक विद्यालयमा र आवश्यकता अनुसार प्रधानाध्यापकले तोकेको अन्य स्थानमा समेत काम गर्नुपर्नेछ ।

३. करारमा काम गरे वापत पाउने पारिश्रमिकः

प्रत्येक त्रैमासिक/चौमासिकमा एकमुष्ठ रुपमा प्रचलित नियमानुसारको तलब भत्ता उपलब्ध हुने ।

वरिष्ठ शिक्षा अधिकृत

४. आचरण :

दोस्रो पक्षले प्रचलित शिक्षा ऐन, नियम र अन्य कानूनमा व्यवस्था भए अनुसारको आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नुपर्नेछ। आचरण तथा अनुशासन पूर्ण रुपमा पालना नगरेको पाइएमा सफाइको मौका दिई पहिलो पक्षले जुनसुकै बेला करार भङ्ग गर्न सक्नेछ ।

५. विदा:

दोस्रो पक्षलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारद्वारा स्वीकृत सार्वजनिक बिदा प्रचलित नियमानुसार उपलब्ध गराइनेछ। पर्व तथा भैपरी आउने विदा वार्षिक १२ दिन, विरामी विदा वार्षिक १२ दिन र प्रधानाध्यापकबाट स्वीकृत भएको काज बाहेक कुनै किसिमको विदा उपलब्ध हुने छैन। विद्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। सार्वजनिक विदाको दिनमा विद्यालयमा काम लगाए बापत थप रकम दोस्रो पक्षलाई दिइने छैन/छ। विद्यालयमा कामको सिलसिलामा विद्यालय बाहिर जानु परेमा प्रधानाध्यापको स्वीकृत गराई जानुपर्नेछ। साथै प्रचलित शिक्षा ऐन, नियम तथा नाम्खा गाउँपालिका शिक्षा ऐनमा भएको व्यवस्थामा प्रतिकुल नहुने गरी विदालाई सहुलियतको रुपमा प्रयोग गर्न सकिनेछ ।

६. विद्यालयको सम्पतिको सुरक्षा:

दोस्रो पक्षले विद्यालयको चल अचल सम्पतिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ती वा हानी नोक्सानीको विगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ। साथै प्रचलित नियमानुसार अन्य कारवाही समेत हुनेछ।

७. गोप्यता:

दोस्रो पक्षले यस सम्झौता बमेजिम कार्य गर्दा कानुन बमोजिम गोप्य राख्नुपर्ने कुराहरु सेवामा रहँदा वा नरहँदा प्रथम पक्षको सहमति बेगर प्रकाशन तथा प्रसारण वा कसैलाई ब्यक्त नगरी गोपनियता कायम गर्नुपर्नेछ ।दोस्रो पक्षले विद्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सो बाट भएको हानी नोक्सानीको क्षतिपूर्ती दोस्रो पक्षबाट भराई कानुन बमोजिम कार्वाही गरिनेछ।

८. करार अवधि:

यो करार अवधि २०८२/०४/०१ देखि २०८२/०९/३० सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्याङ्कन:

वरिष्ठ शिक्षा अधिकृत
अधिकृत स्तर सातौं

पहिलो पक्षले दोस्रो पक्षको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सो मूल्याङ्कन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा ६ महिना अवधिको लागि थप हुन सक्नेछ।

१०. पारिश्रमिक कट्टी र करार शर्तको अन्त्यः

दोस्रो पक्षले पहिलो पक्षलाई जानकारी नदिई लगातार १५ दिन वा सो भन्दा लामो समय सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन। दोस्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उलङ्घन गरेमा दोस्रो पक्ष संगको समझौता रद्द गर्न सक्नेछ र निजको सट्टामा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्नेछैन र स्थायी शिक्षक सरुवा भई हाजिर हुन आएमा हाजिर भएकै दिन देखि करार सम्झौता सकिनेछ ।

११. दाबी नपुग्नेः

दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै अस्थायी वा स्थायी नियुक्ति हुनको लागि दावी गर्न पाउने छैन/गर्ने छैन।तर विद्यालयमा काम गरेको सेवा अवधि प्रमाणित गरी कार्य सम्पादन मूल्याङ्कन भने पहिलो पक्षले गरी प्रमाणित गर्नेछ ।

१२. प्रतिवेदनः

दोस्रो पक्षले आफुले पास गरेको समग्र कार्य जिम्मेवारीको त्रैमासिक रुपमा प्र.अ समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१३. अन्य सुविधा नपाउनेः

करार सेवामा काम गर्दा संचयकोष , उपचार खर्च ,उपदान तथा पेन्सन जस्ता स्थायी कर्मचारीले पाउने कुनै पनि सुविधा दोस्रो पक्षलाई उपलब्ध हुने छैन ।

१४. निर्देशन पालनाः

प्रथम पक्षले दोस्रो पक्षलाई सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न समय समयमा सम्झौता अवधिभरमा दिईएको निर्देशन र आदेशहरु पूर्ण रुपमा दोस्रो पक्षले पालन गर्नु पर्नेछ ।

१५. प्रचलित कानुन लागु हुनेः

यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित स्थानीय, प्रदेश तथा नेपालको कानुन बमोजिम हुनेछ ।

वरिष्ठ शिक्षा अधिकृत
अधिकृत सागर सार्की

CamScanner

| विद्यालयको तर्फबाट | दोस्रो पक्ष (करार गर्ने व्यक्ति) | रोहवर |
|---|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| विद्यालयको छाप : | ठेगाना : | विद्यालयको छाप : |

पुनश्चः करार सम्झौता फाराममा एक रुपता ल्याउन विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको करार सम्झौताको लागि नमुनाको रुपमा यो फारामलाई प्रयोग गर्न अनुरोध छ। सामुदायिक/धार्मिक विद्यालय तथा संस्थाका शिक्षक/कर्मचारीको करार सम्झौता सम्वन्धित विद्यालयको प्रधानाध्यापकले र सामुदायिक/धार्मिक विद्यालयका शिक्षक/कर्मचारीको हकमा सम्वन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा संस्थाका शिक्षक/कर्मचारीको हकमा सम्वन्धित संस्थाको प्रतिनिधिको रोहवरमा गराउनुहुन जानकारी गराउँदछौं।

वरिष्ठ शिक्षा अधिकृत
अधिकृत स्तर सातौं